# गाउँपालिका उपाध्यक्ष कुश्मा चन्द ज्यू द्वारा

# शिवनाथ गाउँपालिकाको तर्फबाट गाउँसभा

# समक्ष प्रस्तुत

# बार्षिक निति तथा कार्यक्रम

# आर्थिक वर्ष २०७६।०७७

शिवनाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिवनाथ, बैतडी

सु.प. प्रदेश

नेपाल

१० असार २०७६

**सभाध्यक्ष ज्यू**

**सभा सदस्य ज्यूहरु**

(१) शिवनाथ गाउँपालिकाको यस गरिमामय पाँचौ सभामा आर्थिक वर्ष २०७६।०७७ को बार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभुति भएको छ ।

(२) विगतमा भएका ऐतिहासिक जनआन्दोलन एवं राजनैतिक आन्दोलनबाट संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाका निमित्त आफनो अमुल्य जिवन बलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान सहित भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछुँ ।

(३) मुलुकमा संघिय लोकतान्त्रिक गणतन्त्र संस्थागत भई संविधान कार्यान्वयनको चरणमा रहेकाले यस गाउँपालिकाको विकास र समृद्धिको यात्रामा अधि वढन सजिलो भएको छ । गाउँपालिकाको कृषि, पशुपालन, पेशालाई व्यवसायीक रुपमा अगाडी बढाई उत्पादनमा जोड दिने प्रतिवद्धता जाहेर गर्दछौ ।

**सभाध्यक्ष ज्यू**

**सभा सदस्य ज्यूहरु**

अव म आर्थिक वर्ष २०७५।०७६ मा घोषित नीति तथा कार्यक्रमका उपलब्धिहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहान्छु ।

(४) नेपालको संविधान २०७२ को अनुसुचि ८ बमोजिम प्राप्त अधिकारलाई गाउँपालिकाको कामकाजलाई नियमन र सहजता ल्याउन (१२ वटा) ऐन, कार्यविधि र नियमावली ल्याएको जानकारी गराउदछुँ ।

(५) प्राविधिक तथा अप्राविधिक कर्मचारीहरु कार्यविधि अनुरुप भर्ना गरि कार्यालयको कामकाजमा सहजता महसुस गरिएको छ ।

(६) गाउँपालिकाको बजेटबाट सवारी साधन (१) तथा सडक डोजर (१) खरिद गरि यातायात सुचारु र प्रभावकारी भएको छ ।

(७) गत आ.व.बाट विनियोजित गा.पा. भवन निर्माण कार्य चालु आ.व. मा निर्माण सम्पन्न भई कार्यालय स्थापना पश्चात कार्यालयको कामकाजमा सघाउ पुगेको छ ।

(८) साविकको (जिल्ला पञ्चायत) हाल जि.स.स. बैतडीको नाममा रहेको जग्गा गाउँपालिकाको पहलमा यस गाउँपालिकालाई संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले १८६ रोपनी जग्गामा हक हस्तान्तरण गरिएको छ ।

**सभाध्यक्ष ज्यू**

**सभा सदस्य ज्यूहरु**

(९) यस गाउँपालिका भित्र १३ वटा सुरक्षित प्रसुति सेवा केन्द्र स्थापना गरि दक्ष जनशक्ति एवं अन्य आवश्यक सामाग्रीको व्यवस्थापन गरि सेवा सुचारु गरिएको छ ।

(१०) गाउँपालिकाको विशेष पहलमा गृह मन्त्रालयबाट अस्थायी प्रहरी पोष्ट सुल्लेखान र नेपाल एस.बि.आई. बैंक सुल्लेखान शाखा स्थापना भई जनताको सुरक्षा र आर्थिक कारोबार सेवा सुविधामा सहजता भएको छ ।

(११) गा.पा.को. विशेष पहलमा संघ र प्रदेशको सरकारको सहयोगमा १६ कोठे गा.पा. भवन र नमुना खेल मैदान निर्माणाधिन चरणमा रहेको छ ।

(१२) गाउँपालिकाको पहलमा नार्गाजुन माध्यमिक विद्यालय शर्मालीमा प्राविधिक धार तर्फको बालि विज्ञानको स्थापना गर्न सफल भएका छौँ । साथै सुचना प्रविधि प्रयोगशालाको स्थापनाको लागि प्रक्रिया अगाडी बढेको छ ।

(१३) धार्मिक पर्यटनको प्रसिद्ध तिर्थ स्थलको रुपमा रहेको शिवनाथ मन्दिरको गुरुयोजना बनाई कार्यान्वयनको चरणमा रहेको छ ।

(१४) गा.पा.को पहलमा सुर्नया नदिमा जलविधुत सम्भाव्यता अध्ययन भई सकी प्रतिवेदन प्राप्त भएको छ ।

(१५) गा.पा.को पहलमा शर्माली बचत तथा ऋण सहकारी संस्थामा प्रभु मनि ट्रान्सफर रेमिटयान्स र भारतमा काम गर्ने प्रवासी नेपालीको लागि दुर्घटना विमाको व्यवस्था गरिएको छ ।

(१६) गा.पा. को विशेष पहलमा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको आर्थिक सहयोगमा ६ वटा माध्यमिक विद्यालय र २ वटा स्वास्थ्य चौकीमा २ किलोवाट र १ किलोवाटको सौर्य उर्जा जडान भएको छ ।

(१७) गा.पा. को विशेष पहलमा नेपाल टेलिकमका दुईवटा टावर सम्पन्न र एउटा एन.सेल. टावर निर्माणाधिन अवस्थामा रहेको छ ।

(१८) गा.पा. को पहलमा माध्यमिक विद्यालय वडा कार्यालय, स्वास्थ्य चौकी, गा.पा. भवन मा निःशुल्क Vianet जडान गरिएको छ ।

(१९) शैक्षिक गुणस्तर सुधार गर्न गा.पा. द्वारा गठित कार्यदलको प्रतिवेदन अनुसार निजी शिक्षक र बालविकास पुरातत्व सहजकर्ताको व्यवस्था गरि शैक्षिक समस्या समाधान तर्फ उन्मुख भएको छ ।

**सभाध्यक्ष ज्यू**

**सभा सदस्य ज्यूहरु**

(२०) ऐतिहासिक पुरातत्व स्थलको रुपमा रहेको अमरगढी किल्ला संरक्षण सम्बर्द्धन कार्य निरन्तर भइरहेको र यसले पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा लिएका छौँ ।

(२१) गा.पा. को बिशेष पहलमा (बगार र सेल्या कोपरे) सुनर्या नदिमा २ वटा पुल निर्माणाधिन अवस्थामा रहेको छ ।

(२२) गा.पा.को. पहलमा केन्द्र सरकारको सहयोगमा ३ वटा वडामा स्वास्थ्य चौकीको निर्माणको लागि बजेट विनियोजन भई प्रक्रिया अगाडी बढेको सम्मानित सभालाई जानकारी गर्दछुँ ।

(२३) गाउँपालिकाको पार्स्व पार्श्वचित्र (RM Profile) तयार भएको छ ।

(२४) नेपाल रेडक्रस सोसाइटी बैतडीको सहकार्यमा ५ बर्षे बालविवाह न्युनिकरण रणनितिक योजना बनाई कार्यान्वयनमा लैजाने ढोका खुलेको छ ।

(२५) गा.पा. भित्र रहेका सरकारी कार्यालयहरमा ई–हाजिरको व्यवस्था गरिएको छ ।

(२६) अण्डामा आत्मनिर्भर बनाउन व्यवसायिक किसानहरुलाई १८ सय कुखुराका चल्ला वितरण गरिएको छ ।

(२७) पशुपालनमा आत्मनिर्भर बनाउन व्यवसायलाई जोड दिन उन्नत जातका राँगा, बोका, जर्सि गाई, बँगुर, माछा ७५ प्रतिशत अनुदानमा बितरण गरिएको छ ।

(२८) कृषिमा आत्मनिर्भर बनाउन बिभिन्न फलफुलका ३०५० वटा वर्षे र हिउदे फलफुलका बोट विरुवा वितरणका साथै माटो परिक्षण, च्याउ खेती र मौरी पालनमा किसानलाई अनुदानको व्यवस्था गरिएको छ।

(२९) गा.पा. को पहलमा एकिकृत घुम्ति शिविर र प्रजनन स्वास्थ्य शिविरको व्यवस्था गरिएको छ ।

(३०) गाउँपालिका, ग्रामिण जलस्रोत परियोजनाको सहयोगमा २ वटा योजना सम्पन्न र ७ वटा निर्माणाधिन अवस्थामा सन्चालनमा रहेका छन । साथै स्वास्थ्य सरसफाई आय आर्जन कार्यक्रम समेत संचालन भई रहेको छ ।

(३१) गाउँपालिका RCIW PAHAL को सहयोगमा कृषि उत्पादनमा जोड दिन बहुउपयोगी योजना लगायतका साना सिचाई योजनाहरु सम्पन्न भएका छन ।

(३२) गा.पा. र विभिन्न संघसंस्थाहरुको सहयोगमा तरकारी खेतीका उत्पादनका लागि प्लाष्टिक छाना वितरण भई बेमौसमी तरकारी उत्पादनमा जोड दिइएको छ ।

(३३) सुआहारा, UNFPA बहुक्षेत्रिय पोषण योजनाले महिला, बालबालिका र किशोरीहरुको पोषण स्थित सुधार गर्न विभिन्न क्रियाकलापहरु गर्न सफल भएको छ ।

(३४) औंलो रोगको अति जोखिम भएको ठाउँमा किटनाशक झुल, विषादि छर्कने तथा गा.पा. भरिका सम्पुर्ण गर्भवतिहरुलाई झुल वितरण कार्य सम्पन्न गरिएको छ ।

(३५) यस गा.पा.को वडा नं ३ मा रहेको सम्पुर्ण गर्भवतीको घर घरमा झण्डा गाढी पोषण सामाग्री वितरणका साथै पूर्ण संस्थागत सुत्केरी घोषणा गर्ने अवस्थामा पुगेका छौं । साथै वडा नं ३ र ५ मा वाह्य खोप निर्माण सम्पन्न भएका छन ।

(३६) महिला, दलित, एकल, पिडित र व्यवसायहरुलाई विभिन्न क्षमता विकासका तालिम तथा उत्थानका क्रियाकलापहरु सम्पन्न भएका छन ।

**सभाअध्यक्ष महोदय,**

**सभा सदस्य ज्यू**

अव म शिवनाथ गा.पा. को **आ.व. २०७६।०७७ को बार्षिक निति तथा कार्यक्रम** यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछुँ ।

“दिगो परिमाणमुखी विकासको कामना

समृद्ध शिवनाथ हाम्रो चाहाना”

(३७) मुलभुत

(३७.१) नेपालको संविधाान २०७२ बमोजिम विद्यमान संघिय ऐन तथा कानुन, प्रदेश ऐन कानुन संग नबाझिने गरि स्थानिय तहलाई आवश्यक पर्ने संविधानको अनुसुचि ८ बमोजिम स्थानिय कानुन निर्माण गरि कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

**(३८) क्षेत्रगत निति तथा कार्यक्रम**

**(३८.१) पुर्वाधार विकास**

**(३८.१.१)** गाउँपालिका कार्यालय भवन निर्माण कार्यलाई संघिय सरकार अर्थ मन्त्रालयबाट प्राप्त समपुरक कोष र गाउँपालिकाको संयुक्त लगानीमा आ.व. २०७६।०७७ भित्र निर्माण सम्पन्न हुने गरि बजेट व्यवस्था मिलाइने छ ।

**सभाध्यक्ष ज्यू**

**सभा सदस्य ज्यूहरु**

(३८.१.२) वडा कार्यालय नभएका वडाहरुमा कार्यालय भवन निर्माण गर्न संघ र प्रदेश सरकारको सम्पुरक तथा विशेष अनुदानबाट बजेट व्यवस्था गर्न आवश्यक पहल गरिने छ।

(३८.१.३) भौतिक अभाव भएका विद्यालयहरुमा क्रमश भौतिक संरचना निर्माण गर्ने निति अवलम्बन गरिने छ।

(३८.१.४) गाउँपालिका केन्द्र सम्म पुग्ने मुख्य सडकलाई संघ, प्रदेशसँग समन्वय गरि कालोपत्रे गर्न आवश्यक पहल गरिने छ।

(३८.१.५) स्थानिय सडकहरुलाई वर्षभरि यातायात सुचारु गर्ने व्यवस्था मिलाइने छ।

(३८.१.६) लघु जलविधुतको संभाव्यता अध्ययन भैसकेकोले सो निर्माण कार्यका लागि आवश्यक पहल गरिने छ।

(३८.१.७) नेपाल विधुत प्राविधिकरणबाट राष्ट्रिय प्रशारण लाइन विधुत जडान, सव स्टेशन निर्माण गरि विधुत जनताको घरमा पुऱ्याउन संघ तथा प्रदेश सरकार सँग आवश्यक पहल गरिने छ।

(३८.१.८) स्वास्थ्य चौकी नभएका वडा १, ३ र ५ मा गाउँपालिकाको पहलमा स्थापना हुने प्रक्रियामा रहेको हुँदा सबै स्वास्थ्य संस्थाबाट गुणस्तिरिय स्वास्थ्य सेवा दिने अन्य पुर्वाधारको व्यवस्था मिलाउने निति अवलम्बन गरिने छ।

(३८.१.९) गाउँघर क्लिनिक तथा खोप क्लिनिक नभएका ठाउँमा आगामी आ.व. मा निर्माण गरिने निति अपनाइने छ। साथै प्रसुति सेवा केन्द्रलाई थप व्यवस्थित बनाइने छ।

(३८.१.१०) ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना संस्थाहरुसँग सहकार्य गरि खानेपानी, बहुउपयोगी योजना, वातावण संरक्षण, जिविकोपार्जन, स्वास्थ्य सरसफाई लगायतका कार्यक्रमहरु संचालन गरिने छ।

(३८.१.११) गाउँपालिका र RCIW को संयुक्त लगानीमा कृषि उत्पादनमा जोड दिनका लागि सिचाई योजना निर्माण गरिने छ।

(३८.१.१२) प्रत्येक वडामा व्यवस्थित सडक संजाल निर्माण गर्न सडकहरुको डि.पी.आर. तयार गर्ने रणनिति लिइने छ।

(३८.१.१३) गाउँपालिकाको निर्माणाधिन खेल मैदानलाई गाउँपालिका, प्रदेश र संघको संयुक्त पहलमा स्तरोन्नती गरिने कार्य अगाडी बढाइने छ।

(३८.१.१४) एक वडा एक खेल मैदानको अवधारणा ल्याइने छ।

(३८.१.१५) भौतिक संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी प्रविधि अनुसार निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइने छ।

(३८.१.१६) नयाँ घर निर्माण गर्दा गाउँपालिकाबाट नक्शा पास गराई निर्माण कार्य अगाडी बढाउने निति लिइने छ।

**सभाध्यक्ष ज्यू**

**सभा सदस्य ज्यूहरु**

(**३८.१.१७**) सरकारी भौतिक संरचना निर्माण गर्दा अपाङग मैत्री तथा बालमैत्री संरचना निर्माण गरिने छ ।

(**३८.१.१८**) दिगो विकास अवधारणालाई पाथमिकतामा राखी सडकको दायाँ वायाँ ढुँगा गिट्टी संकलन गर्ने कार्यलाई निरुत्साहित गरिने छ ।

(३८.२) **आर्थिक विकास**

(**३८.२.१**) कृषि पेशालाई व्यवसायिकरण गर्न व्यवसायीलाई अनुदान तथा प्रोत्साहन दिइने व्यवस्था मिलाइने छ ।

(**३८.२.२**) गाउँपालिका भित्रका राजश्वका स्रोतहरु खोजी तथा पहिचान गरि राजश्व वृद्धि निति अवलम्बन गरिने छ ।

(**३८.२.३**) करदाता मैत्री बातावरण सृजना गर्न करदाता शिक्षा कार्यक्रम अगाडी ल्याइने छ ।

(**३८.२.४**) श्रमको सम्मान गर्दै व्यक्तिको आय आर्जनमा वृद्धि गर्न विकास योजनामा श्रमिक मैत्रि वातावरण सिर्जना गरिने छ ।

(**३८.२.५**) सार्वजनिक विकास निर्माणका कार्यहरुमा रोजगारीका अवसर सिर्जना गरि व्यक्तिहरुको आय आर्जनमा अभिवृद्धि ल्याइने छ ।

(**३८.२.५**) प्राकृतिक स्रोत साधनको समुचित प्रयोग गरि आन्तरिक राजश्वमा वृद्धि गरिनेछ ।

(**३८.२.६**) उद्यम सिप विकासका लागि विभिन्न सरकारी, गैरसरकारी, संघसंस्थाहरुसित सहकार्यमा व्यक्तिको क्षमता विकास गरि व्यवसायीकरणमा जोड दिइने छ ।

(**३८.२.७**) एक घर २० फलफुलको विरुवा रोप्ने किसानहरुलाई विशेष प्राथमिकता दिइने छ ।

(**३८.२.८**) स्थानिय उत्पादनमा जोड दिन कुखुरा, बाखा, बंगुर, गाई, भैसी, मौरी तथा माछा पालन व्यवसायलाई विशेष प्रोत्साहन गरिने छ ।

(**३८.२.९**) संघ र प्रदेश सरकारको समन्वयमा (भटमास, मकै) तरकारी कृषि पकेट क्षेत्रको विकासमा जोड दिइने छ ।

(**३८.२.१०**) गाउँपालिका भित्र रहेको विभिन्न व्यवसायलाई गाउँपालिकामा अनिवार्य दर्ता गर्ने व्यवस्था मिलाइने छ ।

(**३८.२.११**) सामुदायिक वनबाट उत्पादन हुने खोटोमा उठेको रोयल्टी गा.पा.लाई उपलब्ध गराउन सम्बन्धित निकायसँग आवश्यक पहल गरिने छ ।

(**३८.२.१२**) कृषिमा आधारित उद्योगहरुलाई विशेष प्राथमिकता दिइने छ ।

(**३८.२.१३**) पर्यटन प्रवर्द्धनमा सुधार गरि आय आर्जन अभिवृद्धि गरिने छ ।

(**३८.२.१४**) कृषि उत्पादित बस्तुको बजारीकरणका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

**सभाध्यक्ष ज्यू**

**सभा सदस्य ज्यूहरु**

(३८.२.१५) जलस्रोतसँग सम्बन्धित निर्माण कार्य गर्न बनेको गठित उपभोक्ता समितिलाई अनिवार्य रुपमा गा.पा. जलस्रोत समितिमा दर्ता गराउन पर्ने व्यवस्था मिलाइने छ।

**(३८.३) संस्थागत सुधार तथा सुशासन प्रवर्धन**

(३८.३.१) कर्मचारी व्यवस्थापन एवं परिचालनमा तदारुकताका साथ पहल अगाडी बढाई आगामी आ.व. कर्मचारीको दरबन्दिलाई पुर्णता गरिनेछ।

(३८.३.२) गाउँपालिका, वडा कार्यालय र गाउँपालिका भित्रका सम्पुर्ण सरकारी कार्यालयहरुमा ईन्टरनेट सेवा, विधुतिय हाजिरी जडान कार्य आगामी वर्षभित्र सम्पन्न गरिनेछ।

(३८.३.३) असल, सिर्जनशील र विश्लेषणात्मक सीपयुक्त जनशक्ति विकास गर्न विज्ञान, प्रविधि र कर्मचारी क्षमता अभिवृद्धिमा लगानी वृद्धि गरिनेछ।

(३८.३.४) कार्य सम्पादनमा आधारित पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।

(३८.३.५) कार्यालय समय भन्दा अगाडी पछाडि कार्यालयमा बसी थप काम गर्ने कर्मचारीलाई थप सेवा, सुविधा र पारिश्रमिकको व्यवस्था गरिनेछ।

(३८.३.६) स्थानिय सेवा प्रवाहमा सर्वसुलभता र सेवाग्राहीको सहज पहुँच ल्याउन विभिन्न घुम्ती सेवा शिविरहरु सञ्चालन गरिनेछ।

(३८.३.७) प्रत्येक चौमासिक समाप्त भएको १५ दिन भित्रै सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन गरिनेछ।

(३८.३.८) अनियमितता, सरकारी सम्पत्तिको अनाधिकृत प्रयोग, अपचलन तथा दोहन र अन्य जुनसुकै अपराधिक कार्यमा संलग्न व्यक्तिलाई निगरानी अनुसन्धान र छानविनको दायरामा लिइने छ।

(३८.३.९) कार्यालयमा हुन सक्ने सुरक्षा चुनौतिलाई मध्यनजर गरि शान्ति सुरक्षा कायम गर्न स्थानिय सरकार दृढ रहने छ।

(३८.३.१०) कानुन, संगठन र जनजक्तिलाई सुशासन र विकासमैत्रि बनाइनेछ।

(३८.३.११) आगामी आ.व.मा सार्वजनिक सेवा वडापत्र तयार गरि सेवा प्रवाह गर्न सुरु गरिनेछ।

(३८.३.१२) राम्रो कार्य गर्ने पुरस्कृत हुने, काम नगर्ने एवं गैरकानुनी काम गर्ने व्यक्तिलाई दण्डित हुने विधि कार्यान्वयन गरिनेछ।

(३८.३.१३) राष्ट्रसेवकहरुमा कामप्रति तत्पर हुने, सेवाभाव समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नजिता दिने र जिम्मेवारी वहन गर्ने कार्य संस्कृतिको विकास गरिनेछ।

(३८.३.१४) सरकारी सेवालाई मर्यादित बनाई पेशागत दक्षता हासिल हुने गरि सरकारी सेवालाई नयाँ जिवन दिइने छ।

**सभाध्यक्ष ज्यू**

**सभा सदस्य ज्यूहरु**

**(३८.३.१५)** विकास आयोजना लगायत सम्पुर्ण कार्यक्रमहरुको अनुगमन मुल्याङकन गर्न अनुगमन प्रणालीलाई समय सापेक्ष सुधार गरि बैज्ञानिक अनुगमन पद्धति लागु गर्न विभिन्न कार्यविधी एवं कानुन निर्माण गरिनेछ ।

(३८.४) **सामाजिक विकास तर्फ**

**(३८.४.१)** पुर्ण सरसफाईको लागि नमुना टोल, बस्ति छनोट गरिनेछ ।

**(३८.४.२)** धुँवारहित गाउँपालिका बनाउने उदेश्य लिइनेछ र नमुना टोल बस्ती र वडालाई विशेष पुरुस्कार दिइनेछ ।

**(३८.४.३)** शिक्षाको गुणस्तरमा सुधार ल्याउनको लागि विज्ञान र प्रविधिलाई भित्र्याउने कार्यमा आवश्यक पहल गरिनेछ ।

**(३८.४.४)** स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुदको लक्ष्य लिई प्रत्येक विद्यालयहरुलाई खेलकुदप्रति उत्प्रेरित गराइनेछ ।

**(३८.४.५)** शिक्षक दरबन्दि मिलान गर्न जिल्ला शिक्षा समन्वय एकाई बैतडीसँग बिशेष पहल गरिनेछ ।

**(३८.४.६)** गाउँपालिका स्तरिय प्राविधिक शिक्षा स्थापना भैसकेकोले थप व्यवस्थित गर्न आवश्यक पहल गरिनेछ ।

**(३८.४.७)** दलित अपाङग, असहाय, टुहुरा तथा जेहेन्दार बालबालिकाहरुलाई उच्च तथा प्राविधिक शिक्षा अध्ययनका लागि विशेष छात्रबृत्ति दिइने छ ।

**(३८.४.८)** बालमैत्रि अपाङगमैत्रि र महिलामैत्रि शौचालय निर्माण गरिनेछन ।

**(३८.४.९)** शिक्षाको गुणस्तर मापन र मुल्याङकन गर्नको लागि गा.पा. स्तरिय अनुगमन मुल्याङकन समिति गठन गरिनेछ र उत्कृष्टलाई प्रोत्साहन गरिनेछ ।

**(३८.४.१०)** जनप्रतिनिधि र कर्मचारीलाइ अनिवार्य स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ । साथै आम जनतालाई स्वास्थ्य बिमा गराउन प्रेरित गराइनेछ ।

**(३८.४.११)** गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापना गर्न संघ सित समन्वय गरिनेछ ।

**(३८.४.१२)** स्वास्थ्य संस्थाहरुबाट दिइने सेवाहरुलाई गुणस्तर बनाउने लक्ष्यका साथ भौतिक संरचनालाई जोड दिई औषधी र उपकरणहरुको लागि आवश्यक व्यवस्था गरिनेछ ।

**(३८.४.१३)** कुपोशित र शिघ्र कुपोशित बालबालिकाको स्वास्थ्य सुधारको लागि सुआहारा, बहुक्षेत्रिय पोषण योजनासित सहकार्य गरि विशेष पहल चालिनेछ ।

**(३८.४.१४)** बिपन्न र अति बिपन्न परिचय पत्र प्रदान गरिने छ । जसको आधारमा स्वास्थ्य बिमामा सहुलियत र स्वास्थ्य उपचारमा बिशेष छुटको व्यवस्था गरिनेछ ।

**सभाध्यक्ष ज्यू**

**सभा सदस्य ज्यूहरु**

(३८.४.१५) सानो सुखी र गुणस्तर परिवारको लागि दुई मात्र बच्चा पाई स्थायी बन्ध्याकरण गर्ने कार्यलाई बिशेष प्रोत्साहन दिइनेछ।

(३८.४.१६) गाउँपालिकामा एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

(३८.४.१७) शुपोशित टोल बस्ति र वडा घोषणा गर्न पोषण प्रवर्द्धनका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन ।

(३८.४.१८) UNFPA र अन्य संघ संस्थाहरुसित सहकार्य गरि बालविवाह मुक्त गाउँपालिका बनाउन आवश्यक क्रियाकलापन संचालन गरिने छ ।

(३८.४.१९) पुर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गर्न आवश्यक पहल गरिने छ ।

(३८.४.२०) पिछडिएको वर्गलाई मुलप्रवाहीकरणमा ल्याउन बिभिन्न सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछन ।

(३८.४.२१) समाजमा भएका कुप्रथालाई अन्त्य गर्न विशेष पहल गरिनेछ ।

(३८.४.२२) महिलाको उत्थानका लागि र घरेलु हिँसा रोक्नको लागि वा आत्मनिर्भर महिला वनाउन उन्नत बाख्रा र पशु निःशुल्क वितरण गर्ने र +2 पास बालबालिकालाइ लोक सेवा निःशुल्क तयारी कक्षा दिइनेछ ।

(३८.४.२३) सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न अंग्रेजी भाषाको माध्यमबाट शिक्षक सिकाई क्रियाकलाप गर्ने वातावरण मिलाई नमुना विद्यालय घोषणा गरिनेछ ।

(३८.४.२४) बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा विभिन्न पर्यटन स्थल र सार्वजनिक स्थलमा सडक वत्तिको व्यवस्था गरिनेछ ।

(३८.४.२५) गाउँपालिकाले निर्माण गरेको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७५ लाई पुर्णरुपमा कार्यान्वयनमा ल्याइनेछ ।

(३८.४.२६) जाखिममा परेका आर्थिक अवस्था कमजोर भएका जस्तै क्षयरोग, मुटु रोगी, मृगौला रोगी, सर्पको टोकाइ, चितुवा आक्रमण र दुर्घटना परि ज्यान गुमाउने वा दुर्घटनामा पर्नेहरुका लागि विशेष राहतकोष खडा गरि कार्यान्वयमा ल्याइनेछ ।

(३८.४.२७) सम्वृद्ध गाउँपालिका बनाउनको लागि विभिन्न संघ संस्था र अन्तर स्थानिय सरकार समन्वय र सहकार्यका लागि समपुरक कोष खडा गरि कार्यान्वयन गरिनेछ ।

(३८.४.२८) बालश्रम, जातिय भेदभाव, छाउपडि, बालविबाह, लैंगिक विभेद अन्त्यका लागि योजना तथा कार्यक्रम तय गरि अगामी दुई वर्ष भित्र बालविवाह मुक्त गाउँपालिका बनाउन ५ बर्षे बालविवाह रणनितिक योजना कार्यान्वयनमा ल्याइने छ ।

(३८.४.२९) सामाजिक विसंगती तथा विकृतीबाट हुन सक्ने द्वन्द न्युनीकरण तथा समाधान गर्नका लागि वडाहरुमा मेलमिलाप केन्द्र खडा गरिने नीति अवलम्बन गरिएको छ ।

**सभाध्यक्ष ज्यू**

**सभा सदस्य ज्यूहरु**

(**३८.४.३०**) यस गाउँपालिका भित्र रहेका खेलकुदका प्रतिभालाइ संरक्षण गर्न खेलकुद विकास समिति गठन गरिनेछ ।

(**३८.४.३१**) ऐतिहासिक धार्मिक साँस्कृतिक एवं प्राकृतिक महत्वका सम्पदाहरुको सम्भाव्यता अध्ययन र तिनिहरुको संरक्षण, विकास र प्रचार प्रसार गरि पर्यटन प्रवाहलाई बृद्धि गर्न आवश्यक पहल गरिनेछ ।

(**३८.४.३२**) आत्महात्याका घटनाहरुको न्युनीकरण गर्न तनावमा गईरहेका घटनाहरु पत्ता लगाई मनोपरामर्श गरिनेछ ।

(**३८.४.३४**) विभिन्न समुदायमा रहेका सामुदायिक संस्थाहरुमा छरिएर रहेको पुँजीलाई सहकारीमा एकिकृत गरिनेछ ।

(**३८.४.३५**) ३५ बर्ष मुनिका एकल महिलाहरुलाई समुहमा आवद्ध गराई जीवनस्तर सुधार गर्न आय आर्जनका कार्यक्रम संचालन गरिने छ ।

(**३८.४.३६**) परामपरागत शिपलाई व्यवसायिकरण गर्न विशेष ग्राहयता दिने निति कार्यान्वन गरिने छ ।

**(३८.५) वन वातावरण तथा विपद व्यवस्थापन**

(**३८.५.१**) प्राकृतिक विपत्तिबाट यस गाउँपालिका क्षेत्र भित्रका आम जनताले व्यहोर्दै आएको समस्यालाई समाधान गर्न विपद व्यवस्थापन कोष खडा गरि कार्यान्वयनमा ल्याइनेछ ।

(**३८.५.२**) वातावरण संरक्षणलाई तिव्रता दिन वृक्षारोपण, सामुदायिक वन संरक्षण जस्ता रणनिति अवलम्बन गरिनेछ ।

(**३८.५.३**) सामुदायिक बनहरुलाई संरक्षण गर्न आवश्यक पहल कदम चालिनेछ ।

(**३८.५.४**) पानीका मुहान संरक्षणका लागि बृक्षारोपण र Recharge Pound अनिवार्य रुपमा बनाईने कार्यक्रम तर्जुमा गरिनेछ ।

(**३८.५.५**) बातावरण सरसफाइको लागि गा.पा. लाई नै पुर्ण सरसफाइका चरणहरु पुरा गरि स्वच्छ गाउँपालिकाको लागि पहल कदम चालिनेछ ।

(**३८.५.६**) दैवी प्रकोपबाट पिडितलाई विपद व्यवस्थापन समितिबाट क्षति पुर्ति दिइनेछ ।

(**३८.५.७**) बन वातावरण वा पर्यावरणीय सन्तुलनलाई नविगार्नको लागि दिगो विकास लक्ष्यको अवधारणा ल्याइनेछ ।

(**३८.५.८**) फोहरमैला व्यवस्थापन गर्न आवश्यक रणनिति तथा क्रियाकलापहरु संचालन गरिने छ ।

**सभाध्यक्ष ज्यू**

**सभा सदस्य ज्यूहरु**

**(३८.५.९)** सडक निर्माणको क्रममा नस्ट भएका रुखको क्षतिपुर्तिका लागि सम्बन्धित सडकमा छुट्याएको बजेटबाटै दोब्बर रुख लगाउने निति अवलम्बन गरिनेछ ।

(३८.६) **सूचना प्रविधि तर्फ**

**(३८.६.१)** शिवनाथ गाउँपालिकामा एउटा सूचना प्रविधि सेवा केन्द्रको स्थापना हुने छ ।

**(३८.६.२)** सबै मा.वि., नि.मा.वि. र स्वास्थ्य चौकीमा प्रिन्टर (स्क्यानर, फोटोकपी र प्रिन्टर सबै एउटै मसिनमा भएको) र ल्यापटपको व्यवस्था हुने छ । र सो संचालन हुनका लागि चाहिने सोलारको व्यवस्था गर्न गाउँपालिकाले आवश्यक पहल गर्ने छ ।

**(३८.६.३)** गाउँपालिकामा एउटा E-Library को व्यवस्था हुने छ । जसमा गाउँपालिका अन्तर्गतका मा.वि. तथा नि.मा.वि विद्यालयहरु परिक्षा संचालन भैसके पश्चात अनिवार्य रुपमा प्रश्न पत्र अपलोड गर्नु पर्ने छ । साथै शिक्षण सामाग्री विधुतिय माध्यमबाट उपलब्ध गराइनेछ ।

**(३८.६.४)** आ.व. २०७६।०७७ मा गाउँपालिकाको Digital Profile तयार हुनेछ ।

**(३८.६.५)** नि.मा.वि तह देखी मा.वि. सम्म सबै विद्यालयमा इन्टरनेटको व्यवस्था हुने छ ।

**(३८.६.६)** विद्यालयमा कम्प्युटर कक्षामा विशेष प्राथमिकता दिइने छ ।

**(३८.६.७)** शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोगमा विशेष जोड दिइनेछ ।

**(३८.६.८)** मा.वि. का लागि सूचना व्यवस्थापनको लागि वेबसाइटको व्यवस्था हुनेछ ।

**(३८.६.९)** मा.वि तथा नि.मा.वि. तहमा कम्प्युटर विषयको पढाईलाई विशेष प्राथमिकता दिइनेछ साथै कम्प्युटर ल्याव नभएको विद्यालयमा कम्प्युटर ल्याब स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

(३८.७) **विविध**

**(३८.७.१)** जलवायु अनुकुलनका कार्यक्रम जस्तै रिचार्ज पोण्ड, स्रोत संरक्षण, बायो इन्जिनियरीङ , जलवायु परिवर्तन, अनुकुलन बृक्षारोपण गरिनेछ ।

**(३८.७.२)** पञ्चवर्षिय योजनाको निर्माण कार्य थालनीका लागि कार्यक्रम तर्जुमा गरिनेछ ।

**(३८.७.३)** गाउँपालिका र अन्तर्गतका निकायहलाई पूर्वतया सुचना प्रविधि मैत्रि क्रमश गराइनेछ ।

**(३८.७.४)** कर्मचारीहरुलाई समय सापेक्ष सुचना प्रविधि मैत्रि बनाउन आवश्यक कार्य योजना बनाइनेछ ।

**(३८.७.५)** पुर्वाधार निर्माणका कार्य गर्दा वातावरण मैत्रि र दिगो हुने गरि बनाइनेछ ।

**सभाध्यक्ष ज्यू**

**सभा सदस्य ज्यूहरु**

(३८.७.६) विभिन्न रोजगारमुलक शैक्षिक तालिमहरु जस्तै सिपमुलक तालिम, लोकसेवा तयारी कक्षा, व्यवसायिक कृषि तालिम, प्लाम्बिङ, सिलाई कटाई बुनाई तालिम जस्ता तालिमहरु संचालन गरिने छन ।

(३८.७.७) मोवाइल संचार नपुगेका स्थानहरुमा नेपाल टेलिकमसँग समन्वय गरि निर्माणको प्रक्रिया अघि बढाइनेछ ।

(३८.७.८) स्थानिय विकास निर्माणका कार्यमा बजेट विनियोजन गर्दा साना टुके योजनामा विनियोजन गर्ने परिपाटीलाई निरुत्साहित गरिनेछ ।

(३८.७.९) न्यायिक समितिको काम कारवाहीमा प्रभावकारिता ल्याउन विशेष पहल गरिनेछ ।

**सभाध्यक्ष ज्यू**

**सभा सदस्य ज्यूहरु**

प्रस्तुत निति तथा कार्यक्रमको परिधि भित्र रहि आगामी आर्थिक वर्ष २०७६।०७७ को सिमित स्रोत र साधनको अधिकतम उपयोग गर्नका लागि तपसिल बमोजिमको अनुमानित आय प्रक्षेपण गरिएको व्यहोरा सम्मानित गाउँ सभामा पेश गर्न चाहन्छु ।

| | |
|---|---|
| १. नेपाल सरकार राजस्व वाडफाड | रु. ६,०७,००,०००। |
| २. नेपाल सरकार वित्तिय समानिकरण अनुदान | रु. ७,६५,००,०००। |
| ३. नेपाल सरकार शसर्त अनुदान | रु. १३,१३,००,०००। |
| ४. प्रदेश सरकार वित्तिय समानिकरण | रु. ६८,७९,०००। |
| ५. प्रदेश सरकार राजश्व बाँडफाँड | रु. ३६,७९२। |
| ६. आन्तरिक आम्दानी | रु. २५,००,०००। |
| ७. गत वर्षको बचत (समानिकरण) | रु. १,००,००,०००। |
| **जम्मा** | **रु. २८,७९,१५,७९२।** |

अन्तमा शिवनाथ गाउँपालिकाको आगामी आ.व. २०७६।०७७ को निति तथा कार्यक्रम निर्माणको क्रममा सहयोग गर्न हुने गाउँपालिकाका पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, विज्ञ समुदाय, निजि तथा गैर सरकारी क्षेत्रहरु प्रति हार्दिक आभार प्रकट गर्दछुं । साथै यो निति तथा कार्यक्रमको कार्यान्वयनमा सम्बद्ध सवै पक्षबाट सकरात्मक सहयोगको अपेक्षा गर्दछुँ ।

धन्यबाद ।